जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १३८ २०८२ साल पुस १५ गते मंगलबार (30 Dec 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दुई महिनामा मानसिक स्वास्थ्य र.. ३ पृष्ठमा : आन्दोलनमा बल प्रयोगसम्बन्धी ... ३ पृष्ठमायुक्रेन सङ्कट समाधानमा...

# छोरालाई विषादी खुवाएर हत्या गरेको आरोपमा आमा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

विषादी सेवन गराई आफ्नै चार वर्षीय नाबालक छोराको हत्या आरोपमा राजविराज नगरपालिका वडा नं. १ चनौरा पडरियाकी काजल कुमारी साफी पक्राउ परेकी छिन् ।



पक्राउ परेकी साफीका ससुरा मणीलाल साफीले दिएको जाहेरीको आधारमा २०८२ बैशाख १९ गतेको सप्तरी जिल्ला अदालतबाट पक्राउ अनुमति प्राप्त भएको आधारमा काजललाई पक्राउ गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिएका छन् ।

घरमै बसेको अवस्थामा प्रहरीले आइतबार काजललाई पक्राउ गरेको हो । अदालतबाट कर्तव्य ज्यान कसुरमा ७ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक पुरीले बताए ।

प्राप्त घटना विवरण अनुसार २०८२ बैशाख १४ गते राति ८ बजेतिर राजविराज १ चनौरा बस्ने २५ बर्षीया काजल देवी साफीले घरायसी वादविवादको कारण नाम नखुलेको किरा मार्ने विषादी सेवन गरी आफ्नै छोरा ४ वर्षिय सौरभ कुमार साफी समेत लाई विषादी सेवन गराएको र त्यसको भोलीपल्ट १५ गते विषादी सेवनका कारण उपचारकै क्रममा छोरा सौरभको मृत्यु भएको थियो ।

छोराको मृत्यु भएको र आमा काजल केही दिनको उपचारपछि घर फर्किएकी थिइन् । घटनाका बेला उनका श्रीमान् अनिल ४ बर्षदेखि वैदेशिक रोजगारीका सिलसिलामा कतारमा थिए । स्वास्थ्य उपचार गराएर अस्पतालबाट फर्किएकी काजल भने आफूले छोरालाई विष सेवन गराएर आफू पनि विष सेवन गरेको कुरालाई अस्वीकार गरेकी थिइन् ।

छोरा सौरभले घरमै राखिएको चामलमा किरा लाग्न नदिने विषादीयुक्त ‘ट्यावलेट’ लाई हजमोला पाचक सम्झेर खाएको उनले भनाई छ । “छोरा नै जिवित नरहने भएपछि म बाँचेर के गर्नु ?” भन्दै आवेगमा कठोर निर्णय लिदै छोराको मुखबाट निकालेको त्यो ट्यावलेट आफूले पनि खाएको“ त्यतिबेला काजलको दावी थियो ।

घट्ना भएको बेला हाम्रो घर परिवारमा कुनै विवाद नरहेको उनकी सासु सुलोचना र ससुरा मणीलालले बताउदै आएका थिए । पति, सासु, ससुरासंग कुनै वादविवाद वा मतभेद नभएको अस्पतालबाट घर फर्किएपछि काजलले पनि दावी गरिन ।

काजल उनका सासु सुलोचना समेतले सौरभलाई विषादी नखुवाईएको दावी गरिरहँदा तत्कालिन प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले “यो अनुसन्धानबाट मात्र स्पष्ट हुनेछ” बताएका थिए ।

## बालिकासँग जबरजस्ती करणी गर्ने नाबालक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

सप्तरीमा १२ वर्षिया बालिकासँग जर्वजस्ती करणी भएको छ । शनिबार राती बालिकासँग जर्वजस्ती करणी गर्ने नाबालक रहेको प्रहरीले जनाएको छ ।

सप्तरी प्रहरीका प्रवक्ता एवं डीएसपी डम्बरबहादुर पुरीले करणी गर्ने नाबालकलाई नियन्त्रणमा लिइएको जानकारी दिए ।

पक्राउ परेका नाबालकलाई आइतबार जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी जर्वजस्ती करणी मुद्दामा थप अनुसन्धान गरिरहेको प्रहरीको भनाई छ ।

## आगो ताप्ने क्रममा जलेर महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

आगो ताप्ने क्रममा जलेर एक महिला घाइते भएकी छिन् । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा वडा नं. १ कोशी ब्यारेजस्थित चुलोमा आगो ताप्ने क्रममा २२ बर्षीया कविता राम जलेर घाईते भएकी हुन् ।

आफ्नै भान्सा घरको चुलोमा आगो ताप्ने क्रममा लगाएको साडीमा अचानक आगो सल्किँदा कम्मरभन्दा मुनिको करिब २० प्रतिशत भाग जलेर घाइते भएको इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

घाइते रामको भारदह अस्पताल सप्तरीमा उपचार भईरहेको र स्वास्थ्य अवस्था सुधार हुँदै गएको अस्पताल स्रोतले जनाएको छ ।

## जसपा नेपालमा फर्किए रेणु र प्रदिप यादव

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

जनता समाजवादी पार्टी नेपालमा अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणु यादवको नेतृत्वमा बहुमत केन्द्रीय सदस्यहरू फर्किएका छन् ।



सहअध्यक्ष यादवसँगै नेता प्रदीप यादव पनि जसपा नेपालमा फर्केका छन् । जसपा नेपालमा फर्किएका नेताहरुलाई अध्यक्ष उपेन्द्र यादवले स्वागत गरे ।

अध्यक्ष उपेन्द्र यादव र रेणु यादवले संयुक्त विज्ञप्ति जारी गर्दै जसपासँग एकता गरेको जानकारी गराएका छन् ।

यसअघि राजेन्द्र श्रेष्ठ लगायतका नेताहरूले पनि अशोक राई नेतृत्वको जसपा छाडेर नेपाली कम्युनिष्ट पार्टी प्रवेश गरेका थिए ।

## चिसो बढेपछी विद्यालयमा बिदा






**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

विगत १० दिनदेखी बढेको चिसोसँगै चलेको शितलहरले जनजीवन प्रभावित बन्न थालेपछी सप्तरीका चार पालिकाले विद्यालयमा बिदा दिएको छ ।

पछिल्लो पटक जिल्लाको महादेवा र अग्नीसाइर कृष्णासवरण गाउँपालिकाले पुस १६ देखी १८ सम्म तीन दिन विद्यालयमा बिदा दिएको हो ।

महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मण्डलले सोमबार एक सूचना जारि गर्दै चिसो बढेसँगै बालबालिकाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुनाले सो बिदा दिइएको उल्लेख छ।

यसैगरि सोमबारै जिल्लाको अग्नीसाइर कृष्णासवरण गाउँपालिकाका कार्यबाहक अध्यक्ष कल्पना कुमारी चौधरी र प्रमुख प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्र कुमार यादवद्वारा हस्ताक्षरित सूचनामा पालिका अन्तर्गतका सामुदायिक, धार्मिक तथा संस्थागत सबै विद्यालयमा तीन दिनको लागि विदा दिएको उल्लेख छ ।

यसअघि आइतबार जिल्लाको डाक्नेश्वरी नगरपालिकाका र राजगढ गाउँपालिकाले पालिका अन्तर्गतका सबै नीजि तथा सामुदायिक विद्यालयमा पाँच दिनका लागि विदा दिइसकेको छ ।

ती दुबै पालिकाले आईतबार एक सूचना जारी गर्दै पुस १४ सोमबारदेखि लागू हुने गरी पुस १८ गते शुक्रबारसम्म पाँच दिनको विदा दिएको छ ।

सप्तरीमा विगत १० दिनदेखी बढेको चिसो र एक सातादेखी चलेको शितलहरले जनजिवन प्रभावित बन्दै गएको छ । विहान बेलुका हुस्सु लाग्ने र दिउँसो चिसो हावा चल्ने गरेका कारण बालबालिका, वृद्ध, पशु चौपाया समेत प्रभावित भएका छन् ।

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वार्थभन्दा माथि उठ्नु आवश्यक

चुनाव नजिकिँदै जाँदा मधेश केन्द्रित राजनीतिक दलहरूबीच एकताको प्रयास तीव्र बन्दै गएको छ। विगतका चुनावमा आपसी विभाजन, नेतृत्वको अहंकार र रणनीतिक कमजोरीका कारण मधेशको मुद्दा उठाउने दलहरूले अपेक्षित परिणाम हासिल गर्न सकेनन्। त्यसको प्रत्यक्ष लाभ राष्ट्रिय ठूला दलहरूले लिएका थिए। यही अनुभवबाट पाठ सिक्दै अहिले मधेशवादी दलहरू एकताको बाटो खोज्न थालेका छन्, जुन सकारात्मक संकेत हो। मधेश आन्दोलनबाट जन्मिएका दलहरूको मुख्य शक्ति भनेकै साझा एजेन्डा, समावेशीता, समान अधिकार, संघीयताको प्रभावकारी कार्यान्वयन र पहिचानको राजनीति हो।

तर ती एजेन्डा दलगत स्वार्थका कारण कमजोर बन्दै गएका थिए। एकता भएमा मात्र मधेशको आवाज बलियो ढंगले राष्ट्रिय राजनीतिमा प्रस्तुत हुन सक्छ। यसले मतदाता बीचको भ्रम पनि कम गर्छ र मधेशी जनताको विश्वास पुनः आर्जन गर्न मद्दत पुऱ्याउँछ। एकता केवल चुनावी तालमेलमा सीमित हुनु हुँदैन। नेतृत्व चयन, नीतिगत स्पष्टता र दीर्घकालीन दृष्टिकोणमा पनि सहमति आवश्यक छ।

विगतमा देखिएको जस्तै पद बाँडफाँटमै अल्झिएर एकता भत्किने हो भने यसले मधेशी जनताको निराशा अझ गहिरो बनाउनेछ। तसर्थ अहिलेको आवश्यकता स्वार्थभन्दा माथि उठेर मधेशको साझा भविष्य सोच्ने राजनीतिक परिपक्वता हो। यदि मधेश केन्द्रित दलहरूले इमान्दार र दिगो एकता कायम गर्न सके, आगामी चुनाव मात्र होइन, समग्र मधेशको राजनीतिक दिशामा पनि नयाँ अध्याय सुरु हुन सक्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दुई महिनामा मानसिक स्वास्थ्य र स्वास्थ्य बिमा सुधारमा उल्लेख प्रगति भएको छ : स्वास्थ्यमन्त्री

काठमाडौं, १४ पुस (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले आफू मन्त्री भएपछिको दुई महिनामा मानसिक स्वास्थ्य, स्वास्थ्य बिमा सुधार, औषधि व्यवस्थापन तथा मातृ तथा नवजात शिशु स्वास्थ्यजस्ता क्षेत्रहरूमा महत्त्वपूर्ण नीतिगत र कार्यक्रमगत उपलब्धि हासिल भएको बताउनुभएको छ।

स्वास्थ्य मन्त्रालयबाट दुई महिनामा भएका उपलब्धिहरू सोमबार सार्वजनिक गर्दै उहाँले सुशासन, संस्थागत सुदृढीकरण र सेवाको पहुँच विस्तारलाई प्राथमिकता दिँदै अघि बढाइएका रणनीतिक कदमहरूले नेपालको स्वास्थ्य प्रणालीमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री गौतमले विभिन्न नीतिगत निर्णय तथा अनुगमन र निरीक्षणका गतिविधि सार्वजनिक गर्नुभएको छ। उहाँले स्वास्थ्य क्षेत्रमा सुशासन, सेवा गुणस्तर र पहुँच सुधारमा ठोस आधार तयार गरेको उल्लेख गर्नुभएको छ। डा गौतमले कात्तिक ९ गते स्वास्थ्य मन्त्रीको पदबहाल ग्रहण गर्नुभएको थियो।

उहाँका अनुसार स्वास्थ्य बिमासम्बन्धी विद्यमान समस्या र चुनौती पहिचान गर्न विज्ञसहितको समिति गठन गरिनुकासाथै स्वास्थ्य बिमा बोर्डको स्थायी दरबन्दीका लागि मन्त्रिपरिषद्बाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) लागि पूर्वस्वीकृति प्राप्त भइ कार्य प्रारम्भ हुनुका साथै स्वास्थ्य बिमावापत अस्पताललाई भुक्तानी हुन बाँकी रकम निकासका लागि अर्थ मन्त्रालय पठाइएको छ।

सोमबार सार्वजनिक गरिएको उपलब्धि विवरणहरूमा औषधि उत्पादन, आयात, वितरण र मूल्य नियन्त्रणलाई व्यवस्थित गर्न विज्ञ समिति गठन गरिएको उल्लेख गरिएको छ। नेपाल औषधि प्रयोगशालालाई विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार स्तरोन्नति गर्ने प्रक्रिया अघि बढाइएको, साथै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण(ओएनएम)स्वीकृतिका लागि आवश्यक पूर्वतयारी कार्य सुरु गरिएको छ।

स्वास्थ्य क्षेत्रमा खरिद तथा आपूर्ति प्रणाली सुधार गर्न विज्ञ समिति गठन गरी खरिद प्रक्रिया, निर्देशिका र कार्यविधि पुनरावलोकन गरिएको, स्थानीय तहका ५, १० र १५ शैयाका आधारभूत अस्पतालहरूका लागि न्यूनतम सेवा मापदण्डअनुसार आवश्यक औजार उपकरणको सूची तयार भइ स्वीकृत दिइएको छ।

जोखिमयुक्त गर्भवतीको पहिचान र सेवामा पहुँच बढाउन लक्षित कार्यक्रम सञ्चालन गरिएको, कोशी, बागमती र गण्डकी प्रदेशका अस्पतालमा विशेष नवजात शिशु हेरचाह एकाइ (एसएनसियू) सेवा सुदृढीकरण गरिएको विवरणमा उल्लेख छ।

सोह वटा सङ्घीय अस्पतालमा मनोसामाजिक डेस्क स्थापना गरी सेवा सुरु गरिएको, जेनजी आन्दोलनका घाइतेलाई जेनजेड क्लीनिकमार्फत मनोसामाजिक सेवा प्रदान गरिनुका साथै 'स्वास्थ मन, स्वस्थ जीवन' नामक मानसिक स्वास्थ्य सचेतना अभियान गरिएको। त्यसैगरी सहिद परिवारलाई मनोवैज्ञानिक सहजीकरण गरी पुनःस्थापना गर्ने कार्यको तयारी पूरा भइ सो कार्य पुसको तेस्रो हप्तादेखि सुरुवात हुने विश्वास व्यक्त गरिएको छ।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि स्वास्थ्य जानकारी, जनशक्ति परिचालन र सेवा पहुँच विस्तारमा ध्यान दिनुका साथै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गर्दै टेलिमेडिसन सेवा विस्तारको तयारी भइरहेको विवरणमा उल्लेख छ।

# सामाजिक सद्भाव र समुन्नत समाज निर्माण सबैको साझा ध्येय हुनुपर्छ : उपराष्ट्रपति यादव

काठमाडौं, १४ पुस (रासस)।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले सामाजिक सद्भाव र समुन्नत समाज निर्माण सबैको साझा ध्येय हुनुपर्ने बताउनुभएको छ।

सोमबार यहाँ राष्ट्रिय दलित आयोगद्वारा आयोजित 'पञ्चवर्षीय रणनीतिक योजना २०८२-२०८७' तथा 'नयाँ उजुरी व्यवस्थापन प्रणाली' सार्वजनिकरण समारोहमा उहाँले न्याय, अवसर, समानता र समावेशिताको मार्गमा दलित समुदायको अधिकार थप सुदृढ गरिनुपर्नेमा जोड दिनुभयो।

उपराष्ट्रपति यादवले रणनीतिक योजना दीर्घ दृष्टिअनुरूप तयार गरिने उल्लेख गर्दै यसले दलित समुदायका समस्या समाधानका साथै सभ्य र समुन्नत समाज निर्माणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "नयाँ उजुरी व्यवस्थापन प्रणालीको शुभारम्भले दलित समुदायका मुद्दा, गुनासा र अधिकारसम्बन्धी प्रश्नहरूलाई व्यवस्थित ढङ्गले सम्बोधन गर्ने मार्ग प्रशस्त गर्न सकोस्।"

उपराष्ट्रपति यादवले आयोगको संस्थागत सुदृढीकरण, नीति तथा कानुनहरूको पालना, अनुसन्धानमा आधारित सुधार, जातीय भेदभाव तथा छुवाछूतमा कमी ल्याउने प्रयास, राज्यका सबै अङ्गमा दलित समुदायको सहभागिता सुनिश्चित गर्ने कार्य तथा अन्तरराष्ट्रिय सन्धि-सम्झौतामा सहकार्य र जवाफदेहिता जस्ता प्राथमिकतालाई अघि बढाउन रणनीतिक योजना सहयोगी बन्ने अपेक्षा व्यक्त गर्नुभयो।

"समाजमा विद्यमान विभिन्न कुरुती, विसङ्गति र विभेद हटाउन आयोग कटिबद्ध रहनुपर्ने आवश्यकता छ। साथै दलित-दलितबीचको विभेद हटाउन पनि आयोगले अग्रसरता देखाउनुपर्छ", उहाँले भन्नुभयो,"यसका अतिरिक्त मधेसमा दलित-गैरदलितबीच उत्सव, चाडपर्व र महोत्सवमा देखिने सहकार्य र सहअस्तित्वलाई प्रचारप्रसार गर्न सके दलित समुदायप्रतिको सम्मान, सद्भाव र समरसता बढ्ने छ।"

तराई-मधेसका दलितहरू अझै शिक्षा, स्वास्थ्य, राजनीति आदिमा सीमान्तकृत अवस्थामा रहेको उल्लेख गर्दै उहाँले उनीहरूलाई मूलधारमा ल्याउन आयोगले थप सक्रियता देखाउनुपर्नेमा जोड दिनुभयो।

# सरकारको एकीकृत वित्तीय विवरण पेस

काठमाडौं, १४ पुस (रासस)।

महालेखा नियन्त्रक कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ को सङ्घ, प्रदेश र स्थानीय सरकारको एकीकृत वित्तीय विवरण पेस गरेको छ।

सोमबार उक्त प्रतिवेदन महालेखा नियन्त्रक शोभाकान्त पौडेलले अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र महालेखापरीक्षक तोयम रायासमक्ष छुट्टाछुट्टै पेस गर्नुभएको हो।

सङ्घीय सञ्चित कोषको सञ्चालन र तीन वटै तहका सरकारको एकीकृत वित्तीय विवरण र प्रतिवेदन तयार पारी पेस गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयले गर्दै आएको छ।

"आव २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय सरकारको सञ्चित

*बाँकी तीन पृष्ठमा*

# एमबिबिएसमा नाम निकाल्न सफल साफीलाई युवा नेत्री शर्मिला थापाको सहयोग

**दैनिक समाचारदाता**
**सिरहा, १४ पुस।**

सिरहा जिल्लाको बरियारपट्टी गाउँका सत्यनारायण साफीले कठिन संघर्षलाई सफलतामा रूपान्तरण गर्दै नेपाली युवाहरूका लागि प्रेरणादायी उदाहरण प्रस्तुत गरेका छन्।

दैनिक ज्यालादारी मजदुरी गर्दै आफ्नो र परिवारको जीविका चलाउँदै आएका साफी पूर्ण छात्रवृत्तिमा एमबिबिएस अध्ययन गर्न सफल भएका हुन्।

आर्थिक अभाव, सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि अध्ययनप्रति देखाएको अठोट, निरन्तर मेहनत र अदम्य धैर्यले उनलाई चिकित्सक बन्ने मार्गमा डोऱ्याएको छ। संघर्षपूर्ण जीवनयात्राबाट प्राप्त यस



उपलब्धिले समाजमा आशा, सम्भावना र सकारात्मक सन्देश प्रवाह गरेको छ।

उनको असाधारण सफलतालाई कदर गर्दै नेपाली कांग्रेस मधेशकी युवा नेत्री शर्मिला थापाले सत्यनारायण साफीलाई १ लाख ५ हजार आर्थिक सहयोग प्रदान गरिन्। सहयोग प्रदान गर्दै थापाले साफीको साहस, समर्पण र निरन्तर संघर्षलाई सम्मान गर्दै भविष्यमा अझ सशक्त रूपमा अघि बढ्न हौसला प्रदान गर्ने उद्देश्यले सहयोग गरिएको बताए।

उक्त सहयोग वितरण कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेश प्रचार-प्रसार विभाग प्रमुख नितेश कुमार गुप्ता, बरियारपट्टी गाउँपालिकाकी उपाध्यक्ष ममता कुमारी यादव, वडा नं. ३ का अध्यक्ष विनोद कुमार यादव, वडा अध्यक्ष राम खेलावन दास, देवप्रसाद यादव (प्राथमिक विद्यालय शिक्षक), स्थानीय युवा नेता सुमन कुमार यादव, जिल्ला खेलकुद विकास समिति सर्लाहीको अध्यक्ष रोजित केसी, समाजसेवी युवा नेता नारायण गुरुमाछन साथै स्थानीय बुद्धिजीवी, शिक्षक र समाजसेवीहरूको उपस्थिति रहेको थियो।

सत्यनारायण साफीको जीवनयात्राले स्पष्ट सन्देश दिन्छ– बलियो इच्छाशक्ति र दृढ संकल्प भए गरिबी, अभाव र कठिनाइले पनि लक्ष्यसम्म पुग्न रोक्न सक्दैन। उहाँको सफलता सिरहा जिल्लामै सीमित नभई सम्पूर्ण नेपालका युवाहरूका लागि प्रेरणाको स्रोत बनेको छ।

# आन्दोलनमा बल प्रयोगसम्बन्धी कुनै आदेश दिइएको थिएन : पूर्वगृहमन्त्री लेखक

काठमाडौँ, १४ पुस (रासस)।

नेपाली कांग्रेसका नेता एवं तत्कालीन गृहमन्त्री रमेश लेखकले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा बल प्रयोगसम्बन्धी आफूले कुनै पनि लिखित वा मौखिक आदेश नदिएको बताउनुभएको छ।

जेनजी आन्दोलनका क्रममा भएका क्षतिका विषयमा छानबिन गर्न गठित जाँचबुझ आयोगमा सोमबार बयान दिएपछि उहाँले पत्रकार सम्मेलनमार्फत बल प्रयोगसम्बन्धी कुनै पनि लिखित वा मौखिक आदेश आफूले नदिएको स्पष्ट पार्नुभएको हो।

बल प्रयोग गर्ने वा नगर्ने निर्णय कानुनअनुसार तत्कालीन अवस्थामा सुरक्षामा खटिएका अधिकारीहरूको जिम्मेवारी हुने उहाँको भनाइ छ। "मन्त्री वा प्रधानमन्त्रीले बल प्रयोग गर्न आदेश दिने कुनै कानुनी व्यवस्था छैन," उहाँले स्पष्ट पार्नुभयो। पूर्वमन्त्री लेखकले उक्त आन्दोलनका क्रममा भएको मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै आयोगसमक्ष लिखित रूपमा आफ्नो धारणा र विवरणसमेत प्रस्तुत गरिसकेको जानकारी दिनुभयो।

पूर्वमन्त्री लेखकका अनुसार गत भदौ २३ गते हुने जेनजी समूहको प्रदर्शनबारे सुरक्षा निकाय तथा गृह प्रशासनबाट पूर्वसूचना प्राप्त भएपछि भदौ २२ गते नै केन्द्रीय सुरक्षा समितिको बैठक आह्वान गरिएको थियो। बैठकमा सुरक्षा निकायहरूले सङ्कलन गरेका सूचनाको विश्लेषण गर्दै प्रदर्शन शान्तिपूर्ण हुने आयोजक पक्षबाट जानकारी प्राप्त भएको उल्लेख गरिएको थियो।

बैठकअघि नेपाल दूरसञ्चार प्राधिकरण तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अधिकारीहरूसँग छलफल गरी विषयवस्तु बुझ्ने काम गरिएको उहाँले जानकारी दिनुभयो। "कुनै पनि हालतमा मानवीय क्षति नहोस्, भन्ने मेरो स्पष्ट आग्रह थियो," पूर्वमन्त्री लेखकले भन्नुभयो। प्रदर्शन कुनै राजनीतिक दल वा सङ्गठित संस्थाको आयोजनामा नभएकाले नेतृत्वविहीन हुनसक्ने तथा घूसपैठको सम्भावनाप्रति सुरक्षा निकायलाई सचेत गराइएको थियो।

बैठकमा अशान्ति वा बल प्रयोगसम्बन्धी कुनै निर्णय वा योजना नबनाइएको स्पष्ट पार्दै उहाँले सबै सुरक्षा निकायबीच समन्वय गरी शान्तिसुरक्षाको व्यवस्था मिलाउने निष्कर्ष निकालिएको बताउनुभयो। केन्द्रीय सुरक्षा समितिको बैठकपछि तत्कालीन प्रधानमन्त्रीसँग बालुवाटारमा औपचारिक छलफल गरिएको र त्यहाँ पनि मानवीय क्षति नहोस् भन्ने विषयमा जोड दिइएको पूर्वगृहमन्त्री लेखकले उल्लेख गर्नुभयो।

गत भदौ २३ गते बिहान माइतीघरबाट सुरु भएको प्रदर्शन बानेश्वर क्षेत्रमा पुग्दा उग्र र हिंसात्मक बनेको जनाउँदै उहाँले प्रदर्शनमा घुसपैठ भएको बताउनुभयो। उहाँका अनुसार प्रदर्शनका आयोजकहरूले नै आन्दोलन 'हाइज्याक' भएको भन्दै सहभागीहरूलाई तितरबितर हुन आह्वान गरेका थिए।

प्रदर्शन हिंसात्मक बन्दा केही व्यक्तिको मृत्यु र धेरै घाइते भएपछि आफू अत्यन्त पीडित र मर्माहित भएको उल्लेख गर्दै पूर्वगृहमन्त्री लेखकले सोही दिन नै नैतिकताको आधारमा राजीनामा आफूले दिएको बताउनुभयो। "मानिसको मृत्यु भएपछि पदीय जिम्मेवारीबाट राजीनामा दिनु नैतिक कर्तव्य ठानें," उहाँले भन्नुभयो।

मन्त्री लेखकले आफूले राजीनामा दिएको भदौ २३ पछि, विशेषगरी भदौ २४ मा भएका घटनाहरूले मुलुकको स्वाभिमान, लोकतान्त्रिक मूल्य र संवैधानिक संस्थामाथि गम्भीर आघात पुगेको बताउनुभयो। सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालतजस्ता राज्यका संवैधानिक अङ्ग र सार्वजनिक सम्पत्तिमा भएको क्षति जेनजी आन्दोलनको मूल भावना विपरीत भएको उहाँको भनाइ छ। ती घटनाहरू असल उद्देश्य बोकेको जेनजी आन्दोलनका नाममा भएको नभई योजनाबद्ध र घुसपैठका कारण भएको उहाँले दाबी गर्नुभयो।

व्यक्तिगत क्षतिबारे जानकारी दिँदै पूर्वगृहमन्त्री लेखकले महेन्द्रनगरका आफ्ना दुईवटा घर जलेर नष्ट भएको, काठमाडौँस्थित निवास बस्नै नसक्ने गरी क्षतिग्रस्त भएको र प्रदर्शनकारीको आक्रमणबाट आमालाई जोगाउने क्रममा गम्भीर अवस्था सिर्जना भएको र पछि आमाको निधन भएको सुनाउनुभयो। साथै शान्ति प्रक्रिया, अन्तरिम संविधान २०६३ र संविधान निर्माणसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू समेत आगलागीमा नष्ट भएको उहाँले उल्लेख गर्नुभयो।

सो अवसरमा पूर्वगृहमन्त्री लेखकले आफू गृह मन्त्रालयको नेतृत्वमा रहँदा नीतिगत र कानुनी सुधारलाई प्राथमिकता दिएको उल्लेख गर्दै नेपाल प्रहरी ऐन २०१२ सालको रहेको अवस्थामा समयानुकूल नयाँ ऐन आवश्यक ठानेर नेपाल प्रहरीसम्बन्धी विधेयक संसद्मा दर्ता गरिएको बताउनुभयो।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल ऐन २०५८ साललाई संशोधन गर्दै नयाँ कानुन निर्माणका लागि विधेयक संसद्मा प्रस्तुत गरिएको तथा गैरसरकारी संस्थामा आउने वैदेशिक सहयोग रकमको पारदर्शिता सुनिश्चित गर्न नयाँ कानुनी व्यवस्था अन्तिम चरणमा पुगेको उहाँको भनाइ थियो। नागरिकता, कारागार व्यवस्थापन, राष्ट्रिय परिचयपत्र, स्थानीय प्रशासन र शान्तिसुरक्षासँग सम्बन्धित क्षेत्रमा पनि नीतिगत सुधार अघि बढाइएको उहाँको भनाइ थियो।

# सरकार र जेनजीको सम्झौताविरुद्ध परेको रिट 'हेर्न नभ्याइने'

काठमाडौँ, १४ पुस (रासस)।

सर्वोच्च अदालतमा सरकार र जेनजी पुस्ताबीच भएको १० बुँदे सम्झौता असंवैधानिक भएको भन्दै गर्दै दायर भएको रिट निवेदन सोमबार 'हेर्न नभ्याइने' भएको छ।

न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र सुनिलकुमार पोखरेलको संयुक्त इजलासमा सोमबार पेसी तोकिएको भए पनि अरू मुद्दाको सुनुवाइ गर्दागर्दै हेर्न नभ्याइने सूचीमा परेको हो।

यसअघि, न्यायाधीश टेकप्रसाद ढुङ्गानाको एकल इजलासले यही पुस ४ गते उक्त सम्झौताका बारेमा प्रधानमन्त्री सुशीला कार्कीका नाममा कारण देखाऊ आदेश गर्दै १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको थियो।

अधिवक्ता डा प्रेमराज सिलवाल एउटा र अधिवक्ताहरू सुदीप भण्डारी, रोहित झा, सरोज कटेल तथा कानुनका विद्यार्थीहरू आयुष बडाल, प्रवीण पौडेल र स्मृति अधिकारीलगायतले दायर दायर गरेको छुट्टाछुट्टै रिट निवेदनमा सम्झौता संविधानविपरीत भएको उल्लेख गरिएको थियो।

प्रधानमन्त्री सुशीला कार्की र जेनजी पुस्ताका प्रतिनिधिबीच गत मङ्सिर २४ गते भएको सम्झौतामाथि संवैधानिक प्रश्न उठाउँदै रिट निवेदनमा अन्तरिम चुनावी सरकारलाई दीर्घकालीन र दूरगामी असर पार्ने राजनीतिक तथा संरचनात्मक सम्झौता गर्ने अधिकार नरहेको उल्लेख गरिएको छ।

### सरकारको एकीकृत ...

कोषमा रु एक खर्ब आठ अर्ब ९९ करोड छ लाखले ऋणात्मक रहे तापनि नगद अवस्था भने रु एक खर्ब चार अर्ब १३ करोड ८४ लाखले धनात्मक रहेको छ", कार्यालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "सङ्घ, प्रदेश र स्थानीय सरकार र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का विभिन्न कोषको मौज्दात रकमको आधारमा नगद तथा बैंक मौज्दात रु एक खर्ब ८८ अर्ब ९४ करोड ५८ लाखले धनात्मक रहन गएको देखिएको छ।"

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचाअनुरुप तयार पारिएको प्रस्तुत विवरण तथा प्रतिवेदनमा सङ्घ, प्रदेश र स्थानीय सरकार र बजेट प्रणाली बाहिरका निकायका प्रचलित कानुनले तोकेका विवरण पनि प्रतिवेदनमा समावेश गरिएको जनाइएको छ।

# सर्वोच्च अदालत: 'हदम्याद, तारेख र म्याद थप अनुमति'

काठमाडौँ, १४ पुस (रासस)।

सर्वोच्च अदालतले चालु मुद्दाको हदम्याद, तारेख र म्याद थप गर्न अनुमति दिने निर्णय गरेको छ। अदालतको निर्णयसँगै अब यही पुस मसान्तसम्म चालु मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ, विनोद शर्मा, शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल, नृपध्वज निरौला, नित्यानन्द पाण्डेय, मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापासहित १९ जनाको बृहत् पूर्ण इजलासले आइतबार सो अनुमति दिएको हो।

सर्वोच्च अदालतका कर्मचारी बालाजीप्रसाद पाण्डेयलगायतले पेस गरेको प्रतिवेदनमाथि आइतबार प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशको इजलास नै गठन गरेर यसअघि एक महिना ( मङ्सिर मसान्तसम्म) समय दिएको समय बढाएर ६० दिन अर्थात् पुस मसान्तसम्म गरिएको हो।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार मङ्सिर मसान्तसम्म मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने निर्णय भएकामा अब पुस मसान्तसम्म म्याद थाम्न सकिने भएको छ। यसअघि, मङ्सिर १ देखि ३० गतेसम्म एक महिना हदम्याद, म्याद र तारेख थाम्न सकिने व्यवस्था गरिएको थियो। आदेशको लिखित सोमबार आउनेछ।

गत भदौ २४ गते अदालतमा आगजनी भएर नष्ट भएका मुद्दाको कागजात सङ्कलन गर्ने समय थप गरी ६० दिन हुनेछ। आगजनी र तोडफोडमा सर्वोच्च अदालतका सबैजसो कागजात जलेर नष्ट भएका थिए। अदालतले मुद्दाका पक्ष एवं सरोकारवालालाई सम्बन्धित मुद्दाको कागजात जुटाउन सहयोगका लागि आह्वान गरेको थियो।

## विश्व समाचार

# युक्रेन सङ्कट समाधानमा चरणबद्ध प्रक्रिया आवश्यक : ट्रम्प

वाशिङ्टन, १४ पुस (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन सङ्कट समाधानका लागि हुने शान्ति सम्झौतामा कुनै निश्चित समयसीमा नरहेको बताउनुभएको छ। फ्लोरिडाको पाम बीचस्थित आफ्नो मार-ए-लागो निवासमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँगको भेटअघि पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भन्नुभयो, "मेरो कुनै डेडलाइन छैन। मेरो एक मात्र लक्ष्य युद्ध अन्त्य गर्नु हो।" सन् २०२५ को अन्त्यसम्म शान्ति सम्झौता हुने अपेक्षा छ कि छैन भन्ने प्रश्नमा ट्रम्पले भन्नुभयो, "यो परिस्थितिमा भर पर्छ। मलाई लाग्छ सम्झौताका लागि आधार तयार भएको छ," तर युक्रेन सङ्कट समाधान गर्न निकै कठिन भएको पनि उहाँले स्वीकार गर्नुभयो ।

राष्ट्रपति जेलेन्स्कीले भेटमा २० बुँदे शान्ति योजनाको पछिल्लो मस्यौदा र समाधान प्रक्रियाको चरणबद्ध कार्यान्वयनबारे छलफल हुने बताउनुभयो। "रणनीतिबारे हाम्रो टोलीबीच समन्वय अत्यन्तै महत्वपूर्ण छ, जसले शान्तिलाई नजिक ल्याउन मद्दत गर्छ," उहाँले थप्नुभयो। यसअघि ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मार्फत रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएको फोन वार्ता 'राम्रो र निकै फलदायी' भएको बताउनुभएका थिए। रूसी राष्ट्रपति सहयोगी युरी उशाकोभका अनुसार ट्रम्प र पुटिन दुवैले अस्थायी युद्धविरामले सङ्कट लम्ब्याउने र फेरि द्वन्द्व चर्किने जोखिम बढाउने साझा धारणा राख्नुभयो। फ्लोरिडामा भएको भेटवार्तामा सम्भावित युद्धविराम, प्रस्तावित असैन्य क्षेत्र, जापोरिज्झिया आणविक विद्युत् केन्द्रको व्यवस्थापन, डोनबास क्षेत्रको नियन्त्रण तथा युद्धपछिका सुरक्षा ग्यारेन्टीका विषयमा छलफल हुने अपेक्षा गरिएको छ।

# सीमित सूचना र पहुँचको भरमा पत्रकारिता गर्नु परेकोमा अफगान पत्रकारहरु असन्तुष्ट

काबुल (अफगानिस्तान), १४ पुस (रासस/एएनआई)।

काबुलका पत्रकारहरूलाई उदृत गर्दै टोलो न्यूजले अफगानका पत्रकारहरुले सीमित जानकारी न्युन पहुँचको आधारमा सुचना प्रभाह गर्नु पर्ने बाध्यता रहेको बताएको छ। उनीहरुले सुचना र पहुचको कारण प्रवाकारी सुचना प्रवाहमा कठिनाई आएको भन्दै चिन्तासमेत गरेका टोलो न्युजले जनाएको छ। उनीहरूले विगत एक वर्षमा सूचना प्राप्त गर्नमा ढिलाइ, मिडिया कानूनको अभाव र आर्थिक कठिनाइहरू जस्ता चुनौतीहरूको सामना गरेको जनाएका छन्। पत्रकार जबिहुल्लाह सरिफीलाई उदृत गर्दै टोलो न्यूजले अफगानिस्तानका पत्रकारहरूले सूचनाको पहुँचको अभाव र आर्थिक चुनौतिहरूसहित धेरै समस्याहरूको सामना गरिरहेको जनाएको छ। पत्रकार मोहम्मद मोहम्मदीले टोलो न्यूजलाई " पत्रकारहरूले सूचनाको पहुँच र मिडिया कानूनको कार्यन्वयन गर्न आह्वान गरिरहेको बताउनु भएको छ। अफगान पत्रकारहरुको सङ्गठनले आफ्नो वार्षिक प्रतिवेदनमा सन् २०२५ मा पत्रकारको अधिकार उल्लङ्घनमा १८% वृद्धि भएको जनाएको छ।

अफगान पत्रकार सुरक्षा समितिले भने सन् २०२४ को तुलनामा सन् २०२५ पत्रकारका सुधार भएको बताएको छ। समितिका अनुसार सरकारी संस्था र पत्रकारबीच समझदारी स्थापित भएको छ। समितिका प्रमुख जामिल वेकारले टोलो न्यूजलाई "सरकारी संस्था र मिडियाबिच समझदारी हुनुका साथै दृष्टिकोण परिवर्तन भएको बताउनु भएको छ। यद्यपि सूचना तथा संस्कृति मन्त्रालयले भने हाल सम्म कुनै टिप्पणी नगरी पत्रकारहरूको समर्थनमा जोड दिएको जनाइएको छ। धेरै पत्रकारहरूले टोलो न्यूजलाई जानकारीको पहुँचमा चुनौतिहरू अझै पनि बाँकी रहेको र यस क्षेत्रमा अझ बढी ध्यान दिन आवश्यक रहेको बताएका छन्। सूचना तथा संस्कृति मन्त्रालय र सम्बन्धित संस्थाहरूलाई पत्रकारहरूसँग सधैँ सहयोग गर्न आह्वान गरेका छन् भने सूचनामा पहुँचका लागि पत्रकार र मिडियालाई समयमै जानकारी उपलब्ध गराउन आवश्यक रहेको बताएका छन्। अफगानिस्तान पत्रकार युनियनले सूचनाको पहुँच सबै नागरिकहरूको अधिकार हो भन्ने कुरामा जोड दिँदै सुचनाले पारदर्शिता पनि सुनिश्चित गर्ने टोलो न्यूजले जनाएको छ।

# गाजामा आँधीका कारण जनजीवन जोखिममा,उद्धार कार्य प्रभावित

गाजा, १४ पुस (रासस/सिन्ह्वा)।

गाजा क्षेत्रमा आएको भीषण आँधीबेहरीका कारण एक बालक र एक महिलाको ज्यान गएको छ। स्थानीय नागरिक सुरक्षा निकायका अनुसार सात वर्षीय बालक इनारमा खसेर मृत्यु भएका हुन् भने करिब तीस वर्षीया महिलाको तेज हावा र भारी वर्षाका क्रममा ज्यान गएको हो। आँधीबेहरीपछि उद्धार टोलीहरू पानीले भरिएका अस्थायी पालहरूमा खटिएर पानी निकासी र नाली सफा गर्ने काम गरिरहेका छन्। तर पर्याप्त स्रोत र उपकरणको अभावका कारण राहत कार्य प्रभावकारी रूपमा अघि बढ्न नसकेको जनाइएको छ। अधिकारीहरूका अनुसार धेरै विस्थापित शिविरहरू हिलो र पानीले भरिएका छन्, जसले सर्वसाधारणलाई गम्भीर जोखिममा पारेको छ। आपतकालीन कक्षले तत्काल सुरक्षित आवासको आवश्यकता रहेको उल्लेख गर्दै कठोर मौसमका कारण कमजोर पालहरू नष्ट भएको र क्षतिग्रस्त घरहरू आंशिक रूपमा भत्किएको चेतावनी दिएको छ।

# अग्निपीडित परिवारलाई राहत



**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ मुस्लिम टोलका अग्निपीडित मो. रहमत मियाँको परिवारलाई एक सामाजिक संस्थाले राहत सामग्री वितरण गरेका छन् ।

पीडित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले धार्मिक हल्फा महिला विकास क्लब सप्तरीले राहत सामग्री वितरण गरेको हो ।

अग्नीपीडित परिवारलाई त्रिपाल, साडी, थाल, ग्लास, डेक्ची, कराही, छोलनी, खाद्यान्न, बाल्टिन, मग, म्याट्रेसलगायतका आवश्यक सामग्री सहयोग स्वरुप हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष तथा समाजसेवी ई. सूर्य नारायण यादवले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय सखडाका प्रहरी नायब निरीक्षक राम कुमार यादव, मो. याकुव तथा स्थानीय व्यक्तिहरुको उपस्थिति रहेको थियो। सहभागीहरुले आगलागी पीडित परिवारलाई सहयोग गर्दै यस्ता मानवीय कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

पुस १० गते मो. रहमत मियाँको घरमा भएको आगलागीमा करिब २ लाख ६५ हजार रुपैयाँ बराबरको धनमाल जल्दा क्षति भएको थियो ।

# लागूऔषध ब्राउन सुगरसहित पक्राउ परेकाहरुको अदालतबाट म्याद थप

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**
लागूऔषध ब्राउन सुगर जस्तो देखिने लिसाइलो पदार्थसहित पक्राउ परेका तीन जनालाई सप्तरी जिल्ला अदालतबाट आइतबार पाँच दिनको म्याद थप गराई प्रहरीले अनुसन्धान अगाडी बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार प्रहरीले जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ८ तोपा बजारबाट शुक्रबार तीनै जनालाई नियन्त्रणमा लिइएको हो ।

विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको टोलीले प्र.१-०४-००१ ज ००४५ नम्बरको गाडी चेक जाँच गर्नेक्रममा मोरङको बेलबारी नगरपालिका वडा नं. ४ चुम्मा डाडा घर भई हाल बिराटनगर महानगरपालिका ४ जामुनगाछी बस्ने ३२ बर्षीय अनुरुद्ध निरौलाको साथबाट २०५.८ ब्राउनसुगर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

निरौलासँगै गाडी चालक बिराटनगर १७ रानीटोल बस्ने ३७ बर्षीय रजप आलम र सोही ठाउँका वडा नम्बर ४ जामुन गाछी बस्ने २१ बर्षीय निकेश कुमार शर्मालाई नियन्त्रणमा लिइएको उनले बताए ।

पक्राउ पर्ने तीनैजना उपर लागुऔषध कारोबार ऐन अनुसार कारबाही हुने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जसपा र लोसपाबीच पार्टी एकता

**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**
जनता समाजवादी पार्टी ( जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच पार्टी एकता गर्ने सहमति भएको छ ।

आइतबार यहाँ जसपा, नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपा, नेपालका अध्यक्ष महन्थ ठाकुरसहित दुवै पार्टीका पदाधिकारीको संयुक्त बैठकले एकताको सहमति गरेको हो ।

देशको वर्तमान राजनीतिक परिस्थितिको मूल्याङ्कन तथा विश्लेषण गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई संस्थागत गर्न पार्टी एकीकरण गर्ने निर्णय गरिएको अध्यक्षद्वयद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, "सङ्घीयता, पहिचान, समानुपातिक समावेशिता, सामाजिक न्यायलगायतको अग्रगामी परिवर्तनका मुद्दालाई मजबुत गर्दै न्यायपूर्ण समाज निर्माण गर्ने आवश्यकतालाई आत्मसात् गरी जसपा, नेपाल र लोसपा नेपालबीच पार्टी एकीकरण गर्ने निर्णय गरियो ।"

# नागरिकता दिएको अभियोगमा वडाध्यक्ष पक्राउ

सर्लाही, १४ पुस (रासस) ।
नागरिकतासम्बन्धी कसुर मुद्दाको अनुसन्धानका क्रममा मलङ्गवा नगरपालिका-७, मुसैलीका वडाध्यक्ष मो ईशा मिकानी पक्राउ परेका छन् । वडाध्यक्ष मिकरानीमाथि भारतीय नागरिकलाई नागरिकता दिएको आरोप छ ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीको जाहेरीमा वादी नेपाल सरकार र प्रतिवादी रामविश्वास रायसमेत रहेको उक्त मुद्दामा वडाध्यक्ष मिकानीको संलग्नता देखिएपछि थप अनुसन्धान अघि बढाइएको हो । जिल्ला सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्नुपर्ने भन्दै गत वैशाख २२ गते पत्राचार गरेपछि सर्लाही जिल्ला अदालत मलङ्गवाले मङ्सिर ५ गते वडाध्यक्ष मिकानीलाई पक्राउ गर्न अनुमति दिएको थियो । सोहीअनुसार खोजतलासका क्रममा आइतबार मलङ्गवा-२ बाट उनलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिनुभयो ।

वडाध्यक्षलाई पक्राउपछि अदालतबाट दुई दिनको म्याद थप भई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ । अनुसन्धान प्रक्रिया जारी रहेकाले नागरिकता लिएका भारतीय नागरिकको पहिचान प्रहरीले खुलाएको छैन ।

# जाडोमा आगो ताप्दा सावधानी अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ, १४ पुस (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जाडोमा आगो ताप्दा, हिटर वा गिजरलगायत उपकरण प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जाडोयाममा आगो ताप्दा, हिटर चलाउँदा वा गिजर प्रयोग गर्दा सावधानी नअपनाउँदा गम्भीर घटना हुनसक्ने भन्दै सावधानी अपनाउन आग्रह गरिएको बताउनुभयो । उहाँले जाडोमा शरीर वा कोठालाई न्यानो बनाउन आगो बाल्दा वा तातो बनाउने उपकरण प्रयोग गर्दा हावा ओहोरदोहोर हुने अवस्था हेर्न र कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्न आग्रह गर्नुभयो ।

"आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री नजिकै नराख्न र आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउन अनुरोध छ", प्रवक्ता डा बुढाथोकीले भन्नुभयो ।

मन्त्रालयले हिटरको प्रयोग गर्दा समय समयमा बन्द गर्न, सुत्नुअघि अनिवार्य हिटर निभाउन, गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गर्न र गिजर खोलेर लामो समयसम्म बाथरुममा नबस्न पनि अनुरोध गरेको छ ।

# ईन्डो- नेपाल क्रिकेटमा पाहुना टोलीलाई पराजित गर्दै सप्तरीको विजयी शुरुवात



**दैनिक समाचारदाता**
**राजबिराज, १४ पुस ।**
इन्डो-नेपाल यु १९ क्रिकेट प्रतियोगिता यहाँ सोमबार देखि शुरु भएको छ । स्थानिय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको खेल मैदानमा शुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा आयोजक सप्तरीले पाहुना टोली भारत उत्तर प्रदेशको पिके एकेडमी वागपत क्रिकेट टिमलाई ५ विकेटले पराजित गर्दै विजयी शुरुवात गरेको छ ।

सप्तरी क्रिकेट संघको आयोजनामा संचालित ईन्डो नेपाल क्रिकेट पँसतियोगिताको उदघाटन खेलमो पिके एकेडमीले टस जितेर निर्धारित ३५ ओभरको खेलमा २६ ओभरमै सबै बिकेट गुमाई १ सय ४ रनको योगफल खडा गरेको थियो । जसमा ध्रुव ठाकुरले सर्वाधिक ३५ र हमजा क्वारिस २३ रनको योगदान दिएका थिए ।

बलिंग तर्फ सप्तरीका बिजय यादव, आयुष मण्डल, भिम यादव २/२ विकेट तथा सुशान्त देव, अभिमन्यु सरदार, अजय १/१ बिकेट लिएका थिए ।

१ सय ५ रनको विजयी लक्ष्य लिएर मैदानमा ओर्लेको सप्तरी यु १९ क्रिकेट टिमले ११ दशमलव १ बलमै ५ बिकेट गुमाएर बिजयी लक्ष्य प्राप्त गरेका थिए ।

ब्याटिङ्गतर्फ अमन यादवले उत्कृष्ट ब्याटिंग गर्दै सर्वाधिक ४० रन बनाएका थिए भने रितिक थापा १४, शिव अधिकारी १२ र भिम यादव १० रनको योगदान दिए ।

बलिङ्गतर्फ पिके एकेडमीका सगन ३ तथा आयुष र अक्षयले १/१ बिकेट लिएका थिए । उक्त खेलको प्लेयर अफ दि म्याच सप्तरीका अमन यादब घोषित भए । प्रतियोगिता अन्तर्गत दुईटै टोलीबीच तीनवटा म्याच हुने आयोजक समितिले जनाएको छ ।


हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय



ॐ



यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.–७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा''को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।

स्थानः
प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण
राजविराज नगरपालिका –७

समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*